# रुद्र-गौरी श्री-अम्बिका ओली प्रतिष्ठान (RUGSAOF)

भद्रपुर -७ झापा

**<u>प्रेस विज्ञप्ति</u>**

**मिति २०८२-०१-१५**

श्रद्धेय पत्रकार बन्धुज्यूहरु अन्य महानुभावज्यू, नववर्ष २०८२ को सुखद उपलक्ष्यमा यहाँहरूको सुस्वास्थ्य, दीर्घ जीवन, उन्नति र प्रगतिको उत्तरोत्तर कामनाका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रतिष्ठानको तर्फबाट प्रदान गरिने वि. स.२०८१ को विभिन्न विधाका पुरस्कार सम्मान तथा समर्पण कार्यक्रमहरू निम्न अनुसार सम्पन्न गरिने व्यहोरा यस पत्रकार सम्मेलन मार्फत यहाँहरुलाई अवगत गराउन चाहन्छु ।

समाज र समुदायमा भएका उल्लेख्य र अनुकरणीय अभ्यास ,प्रयास र योगदानहरूलाई सम्मान र पुरस्कारको माध्यमबाट उत्साहित र प्रेरित गर्दै सामूहिक तथा सहयोगात्मक संस्कार भएको समुन्नत समाज निर्माण गर्ने दीर्घकालीन सोचलाई आत्मसाथ गर्दै श्रद्धेय स्व.श्रीप्रसाद ओलीज्यूले १ करोड राशिको अक्षय कोष खडा गरी वि.स. २०६७ सालमा झापामा स्थापित यस रुद्र-गौरी श्री-अम्बिका ओली प्रतिष्ठान एक गैर राजनीति ,गैर नाफामूलक र गैर सरकारी सामाजिक संस्था हो । आफ्नो स्थापनाको आरम्भदेखि कृषि, महिला सशक्तिकरण, साहित्य र पत्रकारिताका साथै बालबालिकाका क्षेत्रमा भएका असल अभ्यासहरूको खोजी गरी प्रोत्साहन, हौसला र प्रेरणा प्रदान गर्ने कार्य गर्दै आएकोमा वि.स.२०७९ देखि राष्ट्रको समुन्नतिमा अन्तर्राष्ट्रिय पहिचान बनाउन सफल व्यक्तित्वलाई समेत प्रत्येक दुई वर्षको अन्तरालमा रु ५ लाख राशिको प्रज्ञान पुरस्कारद्वारा सम्मानित गर्न थालेको सम्बन्धमा यहाँहरू अवगत नै हुनुहुन्छ भन्ने विश्वास लिएका छौं । प्रतिष्ठानले हालसम्म स्व.श्रीप्रसाद ओली राष्ट्रिय अन्तर्राष्ट्रिय प्रज्ञान पुरस्कारबाट हिमालय शमशेर ज.ब.रा र डाक्टर सन्दुक रुहित सहित २ जना, रुद्रप्रसाद ओली स्मृति राष्ट्रिय कृषि पुरस्कारबाट महारानी झोडा साना किसान कृषि सहकारी लगायत ११ जना, गौरादेवी ओली स्मृति राष्ट्रिय आदर्श आमा पुरस्कारबाट श्री मानव सेवा आश्रम लगायत ९ जना, अम्बिकादेवी ओली स्मृति राष्ट्रिय साहित्य तथा पत्रकारिता पुरस्कारबाट भैरव रिसाल सहित ९ जना तथा देवी ओली स्मृति राष्ट्रिय बाल पुरस्कारबाट सिविन सहित ९ जनाको योगदानलाई कदर गर्ने अवसर प्राप्त भइसकेको छ ।

यसै क्रममा विधागत विज्ञहरूको पुरस्कार निर्णायक मण्डलबाट प्राप्त सिफारिस तथा संस्थाको निर्णयका आधारमा प्रतिनिधि सभाका उप-सभामुख माननीय इन्दिरा राना मगरज्यूको प्रमुख आतिथ्यतामा नेपाल पर्यटन बोर्डको सभा कक्ष प्रदर्शनी मार्ग बि .स.२०८१ (सन् २०२४) का लागि देहायका क्षेत्रमा तपसिल अनुसारका महानुभाव तथा संघसंस्थाहरूलाई वि.स २०८२ साल वैशाख २० गते शनिबारका दिन बिहानको ११ बजे देखित एक समारोहका बीच पुरस्कार समर्पण तथा सम्मान गर्ने कार्यक्रम रहेको अवगत गराउन पाउँदा प्रतिष्ठान परिवार हर्षित भएका छौं ।

## <u>तपसिलः</u>

**क. गौरादेवी ओली स्मृति राष्ट्रिय आदर्श आमा पुरस्कार वि. स.२०८१ (सन् २०२४)**

पुरस्कार राशि रु १०११११ (रु एक लाख एक हजार एक सय एघार)

ऐतिहासिक कालदेखि विभिन्न कुरितीजन्य विश्वास परम्परा र मान्यता बाट सामाजिक, आर्थिक ,सांस्कृतिक विभेद, बहिष्करण ,हिंसा र अपमानजनक स्थितिमा बाँच्न विवस पारिएका विधवा महिलाहरूको स्थितिमा मानव अधिकारमा आधारित सम्मानजनक सामाजिक रूपान्तरण (पहिचान, आत्मनिर्भरता, न्यायिक पहुँच, कानुनी सुधार, सामाजिक पुनर्स्थापना र समग्र मानव अधिकारको पप्रवर्द्धन) लाई केन्द्रमा राखेर थालनी गरेको अभियानले उनीहरूको सम्मानजनक पहिचान स्थापित गर्न उल्लेख्य योगदान गरेबापत विगत ३० वर्षदेखि कार्यरत संस्था “महिलाका लागि मानव अधिकार एकल महिला समूह (डब्लु.एच.आर)“काठमाडौंलाई सम्मानित एवं पुरस्कृत गर्ने निर्णय गरिएको छ ।

**ख. अम्बिका देवी ओली स्मृति राष्ट्रिय साहित्य तथा पत्रकारिता पुरस्कार, वि.स.२०८१(सन २०२४)**

पुरस्कार राशि रु १०१११११ (रु एक, लाख एक हजार एक सय एघार)



महिलाहरूको विषय नमानिने असहज र जोखिमपूर्ण राजनीतिक बीटको पत्रकारिताबाट विगत २० वर्षअघि १५ वर्षको कलिलो उमेरदेखि नै कलम चलाउन सुरु गर्नुभएकी बिनु सुवेदी विभिन्न आरोह, अवरोध र व्यवधानहरूका बीचबाट पत्रकारितालाई आफ्नो कर्म बनाई अभ्यासरत मूलधारका सञ्चार माध्यममा पहिलो महिला सम्पादकका रुपमा स्थापित नाम हो । पछिल्लो कालमा खोज पत्रकारितामा लाग्नु भएकी उहाँलाई ज्यान मार्ने, बलात्कार गर्ने र पीडा दिने लगायतका धम्कीहरूको सामना गर्दै कति पनि विचलित नभई निरन्तर राज्यको सम्पत्ति दोहनमा स्वार्थी समूहको माखेसाङ्लो,अनिमियातता तथा राज्यसत्ताका नेतृत्वदायी ठाउँबाट प्रत्यक्ष वा परोक्ष रूपमा जनताका आवाज अन्देखा गर्ने चेष्टालाई निरन्तर रूपमा चिर्दै देशमा सुशासन स्थापना गर्ने कार्यमा नागरिकलाई खबरदारी गराउन उहाँका प्रयासहरूले पहरेदारको भूमिका निर्वाह गर्दै आएको छ । सीमान्तकृत नागरिकहरूको शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका आर्थिक र सामाजिक पीडाका समाचारहरू उहाँका सम्पादित विषय बनिरहेका छन् । पत्रकारितामा परम्परागत रूपमा रहेको पितृसत्तात्मक मान्यतालाई चिर्दै जोखिमपूर्ण पत्रकारितामा महिलाको नाम स्थापित गर्न पुऱ्याएको योगदानको कदर स्वरूप बिनु सुवेदी लाई यस वर्षको पुरस्कारबाट सम्मानित तथा पुरस्कृत गर्ने निर्णय गरिएको छ ।

**ग. देवी ओली स्मृति राष्ट्रिय बाल पुरस्कार वि. स.२०८१(सन २०२४)**

पुरस्कार राशि रु १०१११११ (एक लाख एक हजार एकसय एघार)

आफ्नो विलक्षण प्रतिभा र सोचका कारण कलिलो उमेरमा नै आफ्नो लेखनीको क्षमता प्रदर्शित गरिसकेका तथा असमान सामाजिक मान्यताका कारण भइरहेका बालगबालिका बीचका असमानताका विरुद्ध सामाजिक चेतना फैलाउन गरेका प्रयासका लागि यस वर्ष दुईजना बालबालिकालाई संयुक्त रुपमा यस पुरस्कारबाट सम्मानित गर्ने निर्णय गरिएको छ।



**अ. श्री सदिक्षा पण्डित, हेलम्बु**

लैङ्गिककृत सामाजिकीकरण प्रक्रियाको परिणामबाट सिर्जित बालबालिकाको सामाजिक पहिचानको आधार छुट्याइने भूमिकाको आधारमा गरिने भिन्न व्यवहारमा समानताका पक्ष, समाजमा प्रचलित बालविवाह, महिला हिंसा, जातिगत भेदभाव, महिनावारी तथा वातावरण आदिका सम्बन्धमा कक्षा सातमा अध्ययनरत ११ वर्षकै कलिलो उमेरमा अभियन्ताका रूपमा स्थापित भई परम्परागत किताबी शिक्षा र समाज सुधारका क्षेत्रलाई एकैसाथ अगाडि बढाउन देखाएको कार्यका लागि हेलम्बुकी सदिक्षा पण्डितलाई यस पुरस्कारबाट सम्मानित तथा पुरस्कृत गर्ने निर्णय गरिएको छ ।

**आ. श्री त्रिदेव पौडेल, काठमाण्डौं**



नेपाली बाल साहित्य इतिहासमा राष्ट्र र राष्ट्रियता प्रतिको सम्मानमा कलम चलाउने साना लेखकको रुपमा चिनिनुभएका उहाँको लेखनी १२ वर्षकै कलिलो उमेरमा नेपाललाई नेपाल बनाउने चाहना नामक निबन्ध संग्रह जसमा वातावरण, परिवेश र अवस्था सुहाउँदो विकासको निर्माण गरी नेपाललाई विश्वकै अब्बल देश बनाउन सकिने भावना बाट आरम्भ भएको थियो । १४ वर्षको उमेर सम्ममा उहाँले १३ वटा कविता, ९ वटा कथा ,१७ वटा निबन्धनात्मक लेख, ४ वटा नाटक र करिब ४० वटा भन्दा बढी विभिन्न चित्रहरु तयार पारी सार्वजनिक गरिसक्नु भएको छ । उहाँका कृतिमा समाज परिवर्तनका लागि हाम्रा सोचहरूमा समेत परिवर्तन हुनुपर्ने कुरा र हामीसँग भएका राष्ट्रिय सम्पत्तिहरू विश्वका कुनै पनि देशमा नभएको र यसलाई हामीले राम्रोसँग सजाउन सकेको खण्डमा नेपाल देशको उदाहरण विश्वका सबै राष्ट्रले दिन सक्ने राष्ट्रिय भावका साहित्य सिर्जना गरे बापत नवलपरासीका त्रिदेव पौडेललाई यस

पुरस्कारबाट सम्मानित गर्ने निर्णय गरिएको छ ।

**अन्य सामाजिक गतिविधिहरू**

**क. श्रीप्रसाद ओली स्मृति साहित्य पुरस्कारः**

कोशी प्रदेश र मुलुक बाहिर रहेर नेपाली भाषा र साहित्यको विकासमा सक्रिय रुपमा कलम चलाउने नेपाली स्रष्टाहरु र संघसंस्थाहरूलाई सम्मानित र पुरस्कृत गर्नका लागि झापा भद्रपुर न .पा चन्द्रगढीमा रहेको लेखनाथ पुस्तकालयसँगको सहकार्यमा लेखनाथ जयन्तीको अवसरमा हरेक वर्ष प्रदान गरिँदै आएको "श्रीप्रसाद ओली स्मृति साहित्य पुरस्कार बि.स. २०८१ "बाट भारत दार्जिलिङका बहुआयामिक ७७ वर्षीय साहित्यकार डा.जस योन्जन "प्यासी "ज्यूलाई रु ५११११(रु एकाउन्न हजार एक सय एघार) राशि सहित सम्मानित र पुरस्कृत गरिएको छ ।

**ख. श्रीप्रसाद-अम्बिका देवी ओली स्मृति उत्कृष्ट समाजसेवा पुरस्कार**

नेपाल वा नेपाल बाहिर रही ओली वंशको श्रीवृद्धिमा उल्लेखनीय एवं अनुकरणीय कार्य गरेका ओली वंशका सन्तानहरूमध्ये एकजनालाई रु ३० हजार राशिको श्रीप्रसाद+ अम्बिका देवी ओली स्मृति उत्कृष्ट समाजसेवा सम्मान तथा पुरस्कारका लागि ओली वंश अक्षय कोष काठमाडौँलाई रु ४ लाख प्रदान गरिएको छ । वि. स.२०८१ मा उक्त पुरस्कार बाट झापा जिल्ला बिर्तामोड नगरपालिका निवासी श्री उमानाथ ओलीज्यूले आफ्नो वंश उत्थान र श्रीवृद्धिका लागि विक्रम सम्वत २०४५ सालमा ओली वंश जिल्ला समन्वय समिति झापाको संस्थापक सहसचिव हुँदै केन्द्रीय महासचिव एवं वर्तमान केन्द्रीय सल्लाहकार समिति सदस्य र विक्रम सम्वत २०३७ सालदेखि पोखरा स्थित पृथ्वीनारायण क्याम्पस बाट प्राध्यापन पेशा सुरु गरी मेची बहुमुखी क्याम्पस भद्रपुर झापाको क्याम्पस प्रमुख भई ३८ वर्ष सम्म शैक्षिक उन्नयनमा महत्त्वपूर्ण योगदान पुर्याउनु भई २०७१ सालमा राष्ट्रपति डाक्टर रामवरण यादव ज्यूको प्रमुख आतिथ्यतामा क्याम्पसको स्वर्ण जयन्ती सफलतापूर्वक सम्पन्न गराउनु भएको कार्यहरूको कदर गर्दै सम्मान एवं पुरस्कृत गरिएको छ ।

**ग. शैक्षिक कार्यक्रम**

झापा जिल्लाका सामुदायिक विद्यालयहरू एवं शारीरिक अशक्तता भएका बालबालिका पढाउने विद्यालयहरू समेतका ५८५ जना बालबालिकाहरूलाई न्यानो कपडा (ट्र्याक सूट), स्टेसनरी सामग्रीहरू र विपन्न आर्थिक अवस्थामा रहेका अभिभावकहरू समेतलाई खाद्यान्न सामग्री वितरण गरिएको स्मरण गराउँदछौँ ।
अन्तमा

प्रतिष्ठानका गतिविधिहरूमा सहयोग ,सद्भाव, सुझाव र परामर्श प्रदान गर्दै आउनुभएको सबै महानुभावहरूप्रति आभार प्रकट गर्दै यस पत्रकार सम्मेलन कार्यक्रममा उपस्थित हुनुहुने अतिथिज्यूहरू तथा विशिष्ट महानुभावहरू समेतमा धन्यवाद ज्ञापन गर्दै बिदा लिने अनुमति चाहन्छु ।

गंगाप्रसाद ओली
अध्यक्ष
रुद्र- गौरी श्री -अम्बिका ओली प्रतिष्ठान
भद्रपुर -७ झापा
वेबसाईटः www.rugsaof.org.np
इमेलः rugsaof@gmail.com